आज मिति २०७६ साल बैसाख २५ गते बुधबारका दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थिती:

| | | | |
|---|---|---|---|
| १ | नगरप्रमुख | श्री हरिकुमार राना | अध्यक्ष |
| २ | नगर उपप्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य |
| ३ | वडाध्यक्ष | श्री गजाधर खतिवडा | सदस्य |
| ४ | वडाध्यक्ष | श्री रघुनाथ खनाल | सदस्य |
| ५ | वडाध्यक्ष | श्री जीवकुमार भण्डारी | सदस्य |
| ६ | वडाध्यक्ष | श्री दुर्गाप्रसाद दाहाल | सदस्य |
| ७ | वडाध्यक्ष | श्री ध्यानबहादुर भारती | सदस्य |
| ८ | वडाध्यक्ष | श्री लोकनाथ गौतम | सदस्य |
| ९ | वडाध्यक्ष | श्री नवराम ढुङ्गाना | सदस्य |
| १० | वडाध्यक्ष | श्री गोपीचन्द्र गौतम | सदस्य |
| ११ | वडाध्यक्ष | श्री पुष्पकुमार प्रसाई | सदस्य |
| १२ | वडाध्यक्ष | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य |
| १३ | वडाध्यक्ष | श्री भैरवबहादुर खड्का | सदस्य |
| १४ | सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य |
| १५ | सदस्य | श्री हरिमाया भण्डारी | सदस्य |
| १६ | सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य |
| १७ | सदस्य | श्री शकुन्तला बराल | सदस्य |
| १८ | सदस्य | श्री दिलमाया शिवा | सदस्य |
| १९ | सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य |
| २० | सदस्य | श्री खिनमान दास | सदस्य |
| २१ | सदस्य | श्री रमेशकुमार दर्जी | सदस्य |
| २२ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भुर्तेल | सचिव |
| २२ | शाखा अधिकृत | श्री विजयकुमार शर्मा | आमन्त्रित |
| २३ | खरिदार | श्री सोजन कट्वाल | आमन्त्रित |

हरी कुमार राना
नगर प्रमुख

मिति २०७६/०१//२५ गते बसेको नगर कार्यपालिका बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो ।

१.देहाय बमोजिम योजनाहरु आगामी आर्थिक वर्षको सम्बन्धित वडाको दायित्वमा रहने गरी सञ्चालन गर्ने ।

| वडा नं | योजनाको नाम | रकम |
|---|---|---|
| ३ | ईनार निर्माण | रु १३००००/- (एक लाख तिस हजार मात्र) |
| २ | भुमिगत पानी निकाल्ने मोटर जडान समेत चेतनाथ सापकोटा | रु ३५,०००/- पैतिस हजार मात्र । |
| १ | पेरुङ्गे खोल्सी छेउको कुलोमा ६० NP3 साइजको ७ वटा ह्युमपाइप | लागत अनुसार |
| २ | चिलिङ्ग भ्याट जडान गरेको स्थानमा ३ थान ह्युम पाइप | लागत अनुसार |
| ११ | बुट्टाबारी सालबाडी चिसापानी सडकमा १७ थान तथा मिलडाँडा पश्चिम राई भट्टराई टोलमा ८ थान विद्यत पोल स्थानान्तरण | २ लाख मात्र । |
| २ | पाण्डे खोल्सी कल्भर्टमा पुरुवा हाल्न | ७५ हजार मात्र । |
| | सोमनाथ बास्कोटाको घर छेउ कल्भर्टमा पुरुवा हाल्ने | १ लाख पचास हजार मात्र |
| | सिंहेश्वरी स्कुल माथि दाहालटार जाने बाटोमा रहेको कल्भर्टमा पुरुवा हाल्ने | ५० हजार मात्र . |

२.देहाय बमोजिम कार्यका लागि निम्नानुसार रकम विनियोजन गर्ने ।

| वडा नं | योजनाको नाम | रकम |
|---|---|---|
| ३ | भानु आधारभुत विद्यालय सञ्चालन तथा व्यवस्थापन सहयोग | १ लाख मात्र |
| ७ | अरुणोदय आधारभुत विद्यालय सञ्चालन तथा व्यवस्थापन सहयोग | १ लाख मात्र |
| ९ | प्राथमिक स्वास्थ्य केन्द्र शनिश्चरेको सञ्चालन तथा व्यवस्थापन ( यस सम्बन्धमा मिति २०७६/०१/१०को बोर्ड बैठकको निर्णय संशोधन गरिएको ) | २ लाख ५३ हजार मात्र |
| ७ | भारति दर्जी औषधोपचार सहयोग | १० हजार मात्र . |

३.नगर विकास कोषबाट नगरपालिकाले सञ्चालन गर्ने सम्भावित योजनाहरुको विवरण सहित आसय पत्र माग भई आएकामा वडा नं ३ को वडा कार्यालय अगाडी व्यवसायिक भवन निर्माण एवं खुदुनबारी बजार व्यवस्थापन तथा शनिश्चरे बजार व्यवस्थापनका लागि यस नगरपालिकाको तर्फबाट आशय पत्र पठाउने ।

४.तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तर्गत यस नगरपालिकाका २०० विपन्न घर परिवारका निम्ति सामूहिक आवास निर्माण गर्न प्रस्ताव पेश गर्ने ।

५.यस नगरपालिकामा छरिएर रहेका साना मझौला तथा कुटिर उद्योगहरुलाई प्रवर्द्धन प्रोत्साहन गर्न औद्योगिक ग्राम स्थापना गर्नका लागि औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि अनुरुप आवश्यकता पर्ने जग्गाको व्यवस्थापन गरी सञ्चालन गर्ने ।

६.RRR तथा RAP3 लगायतका कार्यक्रमहरुबाट यस नगरपालिकामा सञ्चालन भएका आयोजनाहरु नारायणचोक बाट खुदुनबारी जाने सडक कालोपत्रे ,चारपाने चौंकबाट वाड नं ५ हुँदै ७ नं वडा कार्यालय जाने सडक तथा ७ नं वडा कार्यालयबाट हात्तिकिल्ला हुँदै बुधबारे जोड्ने सडक निर्माणाधिन रहेकामा निर्माण कार्य अपुरो हुँदा स्थानीय वासीलाई धुवाँधुलोका कारण स्वास्थ्यमा समेत असर गर्न थालेकाले उक्त आयोजनाहरु पुरा गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।

७.राष्ट्रपति चुरे मधेश तराई विकास समिति अन्तर्गत यस नगरपालिकामा सञ्चालन भईरहेका देहाय बमोजिम योजना सञ्चालनमा देहाय कारणले योजना सञ्चालनमा कठिनाई भएकाले सोको आवश्यक समाधानका लागि समिति समक्ष अनुरोध गर्ने ।

क.वडा नं ४ स्थित दहिझोडामा रिचार्ज पोखरी निर्माण गर्ने सन्दर्भमा उक्त क्षेत्र वनक्षेत्र भएकाले वन कार्यालयबाट अनुमति प्राप्त हुन नसकेको ।

ख.वडा नं ३ स्थित सुखानी खोलामा तटबन्धन गर्ने कार्यमा तयार गरिएको लगत स्टमेट पुनःस्टमेट गर्नुपर्ने भएकाले सोका लागि अनुरोध गर्ने ।

हरी कुमार राजा मगर
नगर प्रमुख

८.चालु आर्थिक वर्ष ०७५/७६ का लाग स्वीकृत वार्षिक कार्यक्रम अनुसार वृक्षारोपण तथा वातावरणका लागि रु ५ लाख विनियोजन भएकामा उक्त रकमबाट वडा नं ९ स्थित नमुना सामुदायिक वनमा बिरुवा उत्पादन गर्न रकम विनियोजन गर्ने ।

९.यस नगरपालिकाको कामकाजको शिलिशिलामा श्रीमान नगर प्रमुखज्यूको मिति २०७६/०१/१२ देखि २०७६/०१/२१ सम्मको संघीय राजधानी काठमाण्डौं भ्रमण अनुमोदन गर्ने ।

२५/०१/२०७६
हरी कुमार राना मगर
नगर प्रमुख